कञ्चनरूप नगरपालिकाको दोश्रो नगर सभामा आर्थिक वर्ष २०७५□०७६ को लागि उप–प्रमुख निरू पोखरेल □रा प्रस्तुत

<u>नीति तथा कार्यक्रम र बजेट</u>

श्रद्धेय सभाध्यक्ष ज्यू एवम्

नगरसभा सदस्य ज्यूहरू,

संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपालको संविधान, २०७२ अनुरूप कञ्चनरूपनगरपालिकाको गरिमामय दोश्रो नगरसभामा आर्थिक वर्ष २०७५□०७६ को नीति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्न पाउँदा अत्यन्त गौरवान्वित भएको छु । यस अवसरमा राजनीति परिवर्तनको लागी जीवन उत्सर्ग गर्नुहुन सम्पुर्ण ज्ञात अज्ञात सहिदहरूप्रति हार्दिक श्रद्धान्जली व्यक्त गर्दछु ।

लामो समयपछि नेपाली जनताको चाहनाअनुरूप संघीय स्वरूपको समावेशी जनप्रतिनिधीमुलक राज्य प्रणाली स्थापना भएको छ । तिनै तहको निर्वाचनबाट लोकतान्त्रिक शासन प्रणालीसंस्थागत भएको छ । यो मौलिक स्वरूपको राजनीतिक उपलव्धी सगै जनताको भरपर्दो साथ र विश्वास पाएको यस स्थानीय सरकारलाई सम्पुर्ण स्रोत, साधन र सामर्थ्यको सदुपयोग गरी विकाश र समृद्धिको यात्रामा अगि बढ्नमा ठुलो प्रेरणा मिलेको छ ।

यस कञ्चनरूपनगरपालिकालाई स्वस्थ्य, सुखी, समृद्ध नगरपालिका वनाउने दिर्घकालिन उदेश्यअनुरूप आर्थिक, सामाजिक विकासको मौलिक ढाँचामा अघि बढीरहेको छ । संवैधानिक व्यवस्था वमोजिम जनताको नजिकको सरकारको रूपमा रहेको स्थानीय तहको अधिकारको प्रयोग गर्दै जनअपेक्षा अनुरूप दिगो शान्ति, स्थायित्व विकास र समृ□को गन्तव्य हासिल गर्ने दिशामा हामी कार्यरत छौ ।

सभाध्यक्ष महोदय,

वर्तमान अवस्थामा निर्वाचनमार्फत नेपालमा राजनीतिक स्थायित्व प्रत्याभुत भई आर्थिक रूपान्तरणको दिशामा कञ्चनरूपनगरपालिका अगाडि वढीरहेको छ । संविधान प्रदत्त नागरिकका हक र अधिकारलाई मध्यनजर गर्दै आम नागरिकलाई परिवर्तनको आभाष दिलाउने प्रक्रियामा छौ । आर्थिक वर्ष २०७५□०७६को नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्दा नेपालको संविधानको अनुसुची ८ र ९, स्थानीय सरकार सञ्चालन ऐन २०७२, र नेपाल सरकारबाट प्राप्त स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन २०७२ का प्रावधानहरूलाई पालना गरिएको छ । नगरविकास योजना गर्ने क्रममा चालु चौधौ योजना, दिगो विकाशका लक्ष्य, नेपाल सरकारबाट स्वीकृत क्षेत्रगत नीतिहरू , मन्त्रालयहरू र राष्ट्रिय योजना आयोगबाट प्राप्त नीतिगत मार्गदर्शनलाई समेत आधार लिइएको छ ।

कञ्चनरूप नगरपालिकाको चालु वर्षको नीति तथा कार्यक्रम र बजेट तर्जुमाका क्रममा प्रमुख रूपमा निम्न आधारहरू लिईएका छन् ।

- नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल र साझा अधिकारको सूची,
- नेपालको संविधानमा उल्लिखित मौलिक हकहरू,
- नेपालको संविधान भाग ४ अन्तर्गतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक श्रोतको उपयोग, वातावरण संरक्षण सम्बन्धि

नीतिहरू, धारा ५९ को आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्य प्रणालि,

- नेपाल सरकारबाट स्वीकृत संघ, प्रदेश र स्थानीय तहको कार्यविस्तृतिकरणको प्रतिवेदन,
- संघीय तथा प्रदेश सरकारले अंगिकार गरेको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरू,
- संघीय सरकारले अवलम्बन गरेका आर्थिक तथा वित्तीय नीतिहरू,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्रथमिकताहरू,
- नेपालले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताहरू,
- स्थानीय सरकार संचालन ऐन र नियमावलीका प्रावधानहरू,
- स्थानीय तहका आवधिक योजनाहरू, क्षेत्रगत नीति, रणनीति, योजना तथा अध्ययन प्रतिवेदनहरू,
- विकासका समसामयिक मुद्दाहरू जस्तै सामाजिक संरक्षण, दीगो विकास, जलवायु परिवर्तन र विपद व्यवस्थापन, खाध्य तथा पोषण सुरक्षा, लैंगिक सशक्तिकरण तथा समावेशी विकास, बाल मैत्री स्थानीय शासन, वातावरणमैत्री स्थानीय शासन, खुला दिसामुक्त तथा पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्वन्धित विषयहरू,
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरू,

चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम र बजेटका निम्न उद्देश्य रहेका छन्:

(१) नगरवासीहरूको शैक्षिक, आर्थिक र सामाजिक अवस्थामा सुधार गर्ने ।

(२) नगरवासीहरूको पोषण, स्वास्थ्य, खानेपानी र सरसफाईको स्थितिमा सुधार गर्ने ।

(३) कृषि र पशुपालनलाई आधुनिकिकरण गरी व्यवसायिक विकास गर्ने ।

(४) भौतिक पूर्वाधारको विकासलाई विशेष प्राथमिकता दिई दीगो विकास गर्ने ।

(५) सेवा प्रवाहमा सहजता, शिघ्रता, गुणस्तरीयता, पारदर्शिता र नगरवासी प्रति उत्तरदायी सेवाको सुनिश्चितता प्रदान गर्ने ।

(६) लक्षित वर्गको सशक्तिकरण गरी मूलप्रवाहीकरण गर्ने ।

(७) नगरवासीको प्रत्यक्ष जनसहभागितामा आधारित विकास पद्दति अबलम्बन गरी नगरपालिका प्रति आम नागरिकको आस्थालाई बृद्धि गर्ने ।

उपरोक्त उद्देश्य प्राप्तिका लगि चालु आर्थिक वर्षमा देहायका प्राथमिकताहरू निर्धारण गरिएका छन्:

(१) शैक्षिक गुणस्तरमा सुधार,

(२) स्वास्थ्यको स्थितिमा सुधार,

(३) कृषि र पशुपालनको आधुनिकिकरण र व्यवसायिक विकास,

(४) भौतिक पूर्वाधारको विकास,

(५) महिला, बालबालिका एबम् लक्षित वर्गको सशक्तिकरण र विकास,

(६) पर्यटन पवर्द्धन, वातावरण र सिमसार क्षेत्रको संरक्षण र विकास,

(७) विपद व्यवस्थापन,

(८) रोजगारीको सिर्जना र सीपमूलक तालिम,

(९) सामाजिक सुरक्षा वितरणमा सहजता,

(१०) संस्थागत क्षमता बृद्धि,

(११) प्रभावकारी सेवा प्रवाह र सुशासनमा जोड ।

सभाध्यक्ष ज्यू एवम् सदस्यज्यूहरू

अव म चालु आर्थिक वर्ष २०७५।०७६ को बजेट तथा कार्यक्रम संचालनका लागि नगरले लिने क्षेत्रगत नीति र अवधारणालाई संक्षिप्त रूपमा राख्ने अनुमति चाहन्छु ।

१.शिक्षा तथा खेलकुद

- विद्यालयहरूको भौतिक पूर्वाधार एबम् विद्यार्थी अनुपातमा शिक्षक अनुपात मिलाउदै जाने नीति लिइनेछ ।
- नगरक्षेत्र भित्रका सामुदायिक विद्यालयहरूलाई अभिभावक र विद्यार्थीको आकर्षणको केन्द्रको रूपमा विकास गर्ने, शिक्षाको गुणस्तर सुधारका लागि अंग्रेजी माध्यमबाट शिक्षा दिने साथै विद्यालयलाई सूचना तथा प्रविधिमैत्री बनाइने नीति लिइनेछ ।
- नगर भित्र संचालनमा रहेका संस्थागत तथा सामुदायिक विद्यालयहरूको वर्गिकरण गरि मापदण्ड नपुगेका र उत्तीर्ण प्रतिशत कम भएका विद्यालयहरूलाई विशेष नियमन गरि गुणस्तरीय शिक्षा प्रदान गर्न प्रोत्साहन गरिनेछ ।
- सामुदायिक विद्यालयमा अध्ययनरत उत्पीडित, असहाय, सिमान्तकृत, आर्थिक अवस्था कमजोर भएका अल्पसंख्यक तथा जेहेन्दार बिद्यार्थीहरूलाई छात्रवृत्तिको व्यवस्था गर्ने नीति लिइनेछ ।
- अपा□मैत्री शिक्षा र खेलकुदका लागि आवश्यक पुर्वाधार विकास गर्दै शैक्षिक क्षेत्रमा खेलकूद क्रियाकलापहरू संचालनमा ल्याईनेछ ।

- सामुदायिक विद्यालयका आधारभूत र माध्यमिक तहमा अध्यापन गराउने विषयगत उत्कृष्ट शिक्षकहरूलाई र नगर क्षेत्रभित्रका आधारभूत विद्यालय र माध्यमिक विद्यालय मध्ये उत्कृष्ट विद्यालयहरूलाई शैक्षिक क्षेत्रको प्रभावकारी गुणस्तर प्राप्तिको निम्ति पुरस्कृत गरिनेछ ।
- प्रत्येक वर्ष विभिन्न विधाका नगरस्तरीय खेलकुद प्रतियोगिता र महोत्सव संचालन गरि उत्कृष्ट खेलाडीहरूलाई पुरस्कृत गरिनेछ ।
- विद्यालयहरूमा बालबालिकाहरूको सहभागिता र विकास सम्बन्धि अधिकारको सुनिश्चितता गर्दै बालबालिका प्रति हुने हिंसा र दुर्व्यवहारलाई निरूत्साहित एवं निषेध गर्न विभिन्न प्रर्वद्धधनात्मक कार्यक्रमहरू संचालन गरिनेछ ।
- सामुदायिक विद्यालयहरूमा कार्यरत शिक्षक कर्मचारीहरूको क्षमता अभिवृद्धि गर्दै गुणस्तरिय शिक्षा प्रदान गर्न व्यवहारिक तालिमहरू सञ्चालन गरिनेछ साथै विद्यालय अनुगमन प्रणालीको प्रभावकारी कार्यान्वयनमा जोड दिइनेछ ।
- विद्यालय नियमनलाई सहयोग पुऱ्याउने उद्देश्यले सबै सामुदायिक विद्यालयहरूमा क्रमशः विद्युतीय हाजिरीको व्यवस्था गरिनेछ ।
- नगरपालिकालाई पूर्ण साक्षर नगरपालिका घोषणा गर्नको लागी कार्ययोजना बनाई कार्यान्वयन गर्दै लगिनेछ।
- विद्यार्थी भर्ना दरलाई सत प्रतिशत पुऱ्याउन र विद्यालय नियमितता कायम गर्न विद्यालय भर्ना अभियान संचालन गरिनेछ ।
- भौतिक रूपमा प्राविधिक शिक्षा संचालन गर्न सक्षम विद्यालयहरूमा प्राविधिक शिक्षा संचालनका लागी अनुमति प्रदान गर्दै लगिनेछ ।

- विद्यालयमा खेल मैदानहरूलाई विस्तार गर्दै नगर स्तरीय खेल पूर्वाधार निर्माणमा जोड दिइनेछ ।
- सभ्य, स्वावलम्बी, सुसंस्कृत, क्षमतावान, योग्य र दक्ष नागरिक उत्पादनका लागि किशोर किशोरी शिक्षा लागु गरिनेछ ।
- विभिन्न जातजातिहरूको भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण र विकास गर्न भाषा, वर्ण र लिपीको अनुसन्धानात्मक कार्यक्रम गरिनेछ ।
- संस्थागत विद्यालयहरूबाट गरिब असहाय तथा जेहेन्दार विद्यार्थीहरूलाई प्रदान गरिने छात्रवृतिको व्यवस्थालाई संस्थागत विद्यालयहरूसग समन्वय गरी सुनिश्चित गराईनेछ ।
- सामुदायिक विद्यालयबाट एस.इ.इ. मा सर्बोत्कृष्ट अंक प्राप्त गर्ने बालबालिकालाई पुरष्कृत गर्ने नीति लिइनेछ ।
- मदरसा गुम्बा गुरूकूल जस्ता धार्मिक विद्यालयहरूको भौतिक पूर्वाधार र व्यवस्थापनमा विशेष जोड दिइनेछ । मदरसामा छात्राबास(बनाथ) व्यवस्थापनमा ध्यान दिइनेछ ।
- विद्यालयहरूमा भौतिक पूर्वाधारको निर्माण गर्दा बालमैत्री अवधारणालाई जोड दिइनेछ ।

२.जनस्वास्थ्य

- संविधानले निर्देश गरे अनुरूप गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज, सुलभ र समान पहुच स्थापित गर्न नगरवासीको विद्यमान स्वास्थ्य समस्या पत्ता लगाई योजनाबद्ध कार्यक्रम संचालन गरिनेछ ।
- आयुर्वेद स्वास्थ्यलाई प्रवर्द्धन गर्न त्रिफला, त्रिकुट चुर्ण बनाई जनतालाई सर्वशुलभ रूपमा उपलब्ध गराउन आयुर्वेद स्वास्थ्य मार्फत आवश्यक व्यवस्था मिलाउने ।
- प्रत्येक वडामा योग स्वास्थ्य शिविर संचालन गर्ने ।

- नसर्ने रोगहरू सम्बन्धमा विद्यालय स्वस्थ्य शिक्षा तथा सामुदायिक जनचेतनामूलक कार्यक्रम संचालन गरिनुको साथै मधुमेह तथा उच्च रक्तचापबाट पीडित बिरामीहरूको नियमित स्वस्थ्य जाच र रगत परीक्षणको गर्ने कामलाई निरन्तरता दिइनेछ ।
- वर्थि□ सेन्टरको सेवालाई व्यवस्थित बनाउन आवश्यक उपकरण सहित दक्ष प्रशूतिकर्मीबाट प्रशूति गराउन प्रोत्साहन गरी प्रशूति जटिलता व्यवस्थापन गर्न कञ्चनपुर अस्पतालबाट CEONC सेवा विस्तारका लागि आवश्यक कदम चालिनेछ ।
- वर्थि□ सेन्टरबाट प्रदान गरिने २४ घण्टे प्रसुति तथा आकस्मिक गर्भवती सेवालाई गुणस्तरीय तथा प्रभावकारी रूपमा सञ्चालन गर्न कार्यक्रमको विस्तार गर्नेछ ।
- कञ्चनपुर अस्पतालबाट विस्तारित सेवाको रूपमा आखा उपचार, कान उपचार, विशेषज्ञ डाक्टरबाट दन्त उपचार सेवा, ए-क्सरे तथा भिडियो ए-क्सरे र फार्मेसी सहित Telemedicine सेवा क्रमश: सञ्चालन गर्दै स्तरीय इमर्जेन्सी सेवा सञ्चालन गरिनेछ ।
- जनमानसमा स्वास्थ्य सम्बन्धी जनचेतना अभिवृदिको लागि जनचेतना मुलक तथा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- सरकारी तथा गैरसरकारी अस्पताल, स्वास्थ्य संस्थासग समन्वय गरी विशेषज्ञ तथा विस्तारित स्वास्थ्य शिविरहरू संचालन गरिनेछ ।
- उपचारको क्रममा नगरपालिका भित्रका अशक्त, बिमारी, वेवारिसे, असहाय, गर्भवती महिला तथा बालबालिकाहरूलाई प्राथमिकता दिइनेछ ।

- कञ्चनरूप नगरपालिका पूर्ण खोप सुनिश्चित नगरपालिका घोषणा भई सकेको छ । पूर्ण खोप सुनिश्चित र दीगोपनाका लागि आवश्यक प्रर्वद्धनात्मक कार्यक्रमहरू संचालन गर्दै लगिनेछ ।
- नगरपालिका र नेपाल सरकार स्वास्थ्य मन्त्रालयबाट नि:शुल्क प्राप्त हुने औषधिहरू सम्बन्धित स्वास्थ्य संस्थाहरू मार्फत सर्वसाधारणलाई सहज तवरबाट उपलब्ध गराइने व्यवस्था मिलाइनेछ ।
- महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता विकास गरि परिचालन गरिनेछ र निजहरूलाई प्रोत्साहनको लागि साविकमा उपलब्ध गराइएको रकमलाई निरन्तरता उपलब्ध गराउनुको साथै निवृत्त हुदा नेपाल सरकारबाट उपलब्ध हुने आर्थिक सुविधामा थप सुविधा दिई बिदाई गरिनेछ ।
- विपन्न वर्गका गर्भवती महिला तथा पाच वर्ष मुनिका बालबालिकाहरूलाई पोषणयुक्त पिठो वितरण गरिनुका साथै छ छ महिनामा पोषण स्क्रिनि□ क्याम्प संचानलन गरिनेछ ।
- प्रत्येक स्वास्थ्य संस्थामा नागरिक बडापत्र तथा सूचना पाटीको अनिवार्य व्यवस्था गरिनेछ ।
- नगरपालिका भित्रका गरिब, दलित, पिछडिएका महिलाहरू तथा अन्य विपन्न महिलाहरूमा विध्यमान रहेको आ□ खस्ने रोगको स्क्रिनि□ गरी पाठेघर तथा पाठेघरको मुखको क्यान्सर रोगको निदान र उपचार तथा शल्य क्रियाको व्यवस्था गरिनेछ ।
- कंचनपुर अस्पतालमा सर्पदंश सेवाको लागि आवश्यक औषधि औजार, उपकरणको व्यवस्था सहित तालिम प्राप्त स्वास्थ्यकर्मी□रा सेवा संचालन गरिनेछ ।

- कञ्चनरूप नगरपालिकालाई Zero Home Delivery घोषणा गर्न प्रभावकारी कदम चालिनेछ ।
- प्रत्येक वडामा क्षयरोग निदानको लागि खकार परीक्षण शिविर संचालन गरी कंचनरूप नगरपालिकालाई क्षयरोग मुक्त नगर घोषणा गर्न प्रभावकारी कदम चालिनेछ ।
- नगरवासीलाई विशेषज्ञ सेवा सहितको स्वास्थ्य सेवा उपलब्ध गराउन नगरपालिका भित्र ५० सैंयाको अस्पताल स्थापना गर्न पहल गरिनेछ ।
- वहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरी पोषणको स्थितिमा सुधार ल्याइनेछ ।

३. सामाजिक विकास

- सामाजिक सुरक्षा अन्तर्गत जेष्ठ नागरिक, अपा□ता भएका व्यक्तिहरू, एकल महिला, दलित जेष्ठ नागरिक, दलित बाल पोषण भत्तालाई सहज ढंगले वितरण गर्ने व्यवस्था मिलाइनेछ ।
- सामाजिक सुरक्षाको लागि क्षेत्रहरू पहिचान गरी आवश्यक बजेट छुट्याई परिचालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता नेपाल सरकारको नीति अनुरूप बैक मार्फत वितरणलाई सहज र सुलभ बनाइ वितरणको व्यवस्था मिलाइनेछ । यसको लागि बैकहरूसंग आवश्यक समन्वय गरिनेछ साथै पूर्ण अपा□ता भएको व्यक्ति, अशक्त जेष्ठ नागरिकहरूलाई सामाजिक सुरक्षाको भत्ता नागरिकको हात-हातमै पुऱ्याउने व्यवस्था मिलाइनेछ ।
- सामाजिक परिचालनको माध्यमबाट सामाजिक सचेतना बढाउदै नागरिकहरूलाई विकासमा आबद्ध गराइनेछ । टोल विकास संस्थाहरूको गठन गरि सामाजिक न्याय, उत्पादन तथा आय आर्जन विकास, वाल मैत्री, सरसफाई र

वातावरणमैत्री टोल बनाउने कार्यमा स्वत:स्फूर्त सहभागी गराइनेछ ।

- नगरपालिका भित्रका सबै जाति, भाषा, धर्मको स्पष्ट बर्गीकृत तथ्यांक आउने गरी नगर पार्श्वचित्र अध्यावधिक गरिनेछ ।
- टोल विकास संस्थाहरूलाई योजना छनौट, उपभोक्ता समितिको निर्माण, स्थानीय स्तरमा संचालित योजनाहरूको अनुगमन समेतमा सहभागी गराईने नीति लिइनेछ । उत्कृष्ट कार्य गर्ने टोल विकास संस्थालाई पुरष्कृत गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र भएका सुकुम्बासीहरूको तथ्या□ संकलन गरी वास्तविक सुकुम्बासी यकिन गरि वसोवासको व्यवस्था गर्दै लगिनेछ ।
- नगरपालिकाको हरेक वडाहरूमा वडास्तरीय जेष्ठ नागरिक क्लब गठन गरी नगर स्तरीय जेष्ठ नागरिक सञ्जाल गठन गर्न जोड दिइनेछ ।
- जेष्ठ नागरिकहरूको ज्ञान, अनुभव, सीप र क्षमताको उपयोग गर्दै व्यवहारिक रूपमा लागु गर्दै लगिनेछ ।

४. महिला तथा बालबालिका

- बाल विवाह, बालश्रम र बाल शोषणलाई निरूत्साहित गरिनेछ ।
- बालमैत्री आचार संहिता, बालबालिकाको लागि लगानी योजना, बालबालिकाको स्थितिपत्र अध्यावधिक गर्दै बालमैत्री स्थानीय शासन घोषणा पश्चातको रणनैतिक योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
- नगर स्तरीय प्रतिद्धता अनुरूप सम्पूर्ण सूचकहरू पूरा गरी बाल मैत्री स्थानीय शासन प्रवर्द्धन गर्दै सन् २०१८ भित्रै

यथाशीघ्र बाल मैत्री स्थानीय शासन नगरपालिका घोषणा गरिनेछ ।

- महिला माथि हुने सबै प्रकारका हिंसाको अन्त्य गर्न जनचेतनाको साथै आयमूलक, सीपमूलक, उत्पादनमूलक कार्यक्रमहरू संचालन गर्दै क्षमता र सीपको समेत विकास गर्दै लगिनेछ ।
- लैंगिक तथा जातीय भेदभाव विरूद्धका अभियानहरू संचालन गरिनेछ ।
- लैंगिक समानता एवं वाल अधिकारको सुनिश्चितताका लागि सरकारी, गैरसरकारी, निजी क्षेत्रका सवै सरोकारवाला माझ संजाल वनाएर सहकार्य गरिनेछ ।
- लैंगिक तथा वाल अधिकारको विकेन्द्रित मूलप्रवाहीकरणका समस्त प्रक्रियामा स्थानीय तहकै नेतृत्व रहने गरी सहजिकरण गरिनेछ ।
- लैंगिक तथा वालअधिकारका मु□हरूलाई पहिल्याउने एवं सम्वोधन गर्ने सिलसिलामा सहभागितात्मक लेखाजोखा विधि अवलम्वन गर्नुका साथै अग्रसरताको स्वामित्व सम्वन्धित सञ्जाल सदस्यमै रहने गरी साझेदारी गरिनेछ ।
- क्षेत्रगत उद्देश्यको परिप्राप्तिमा लै□क मूलप्रवाहिकरणको प्रभाव प्रक्षेपण हुने गरी अधिवाचन गरिनेछ ।
- विपन्न महिलाहरूलाई मौजुदा लै□क छेकवार पन्छाउन, सशक्तिकरणको प्रक्रियामा सरिक हुन र पछिसम्म आफ्ना हितका पक्षमा स्वविवेकमा निर्णय गरी सिक्दै जान सुविस्ता होस् भनि महिला मात्रको समूह वनाइनेछ ।
- स्वावलम्वन र पारस्परिकताको भावनाले समूह सदस्यको उत्तरोत्तर उन्नतिका लागि सर्वमान्य सहकारी सि□न्त अनुसार संस्थागतीकरण गरिनेछ, जस अन्तर्गत छिमेकका समूहलाई

क्रमश: वडास्तरमा संघीकरण गरेर वस्तीस्तरमा सम्पूर्ण सदस्यको नियमित वैठक वस्ने गरी सहभागिताको सुगम मञ्च वनाइनेछ ।

- सहकारीमा सल्लाहकार समितिमा प्राथमिकता दिनुका साथै लैि□क प्रशिक्षण लगायतका विभिन्न क्रियाकलापमा समूह सदस्य परिवारका पुरूष सहकर्मी एवं समूदायका अरू पुरूष शुभचिन्तकहरूको सहभागिता सुनिश्चित गरिनेछ ।
- सशक्तीकरणको प्रयोजनार्थ लक्षित महिलालाई नै कार्यकर्ताको हैसियतमा अघि सार्नुका साथै आवश्यकतामा आधारित छनौटलाई प्रभावित नपार्ने गरी सहायता प्रदान गरिनेछ ।
- विपन्न महिलाको सिर्जनशीलता प्रोत्साहित गरि राख्न स्वतन्त्र स्रोत खोजिनेछ, जसअनुसार □ण, वचत वा वित्तीय दवाव वढी भएका अन्य स्रोत भन्दा अंशधन, वीउपूञ्जी वा वित्तीय दवाव घटी भएका अन्य स्रोतलाई प्राथमिकता दिइनेछ ।
- जोखिममा रहेका विद्यालय विमुख किशोरीलाई भावी समूह सदस्यको रूपमा हेरी महिला समूहसग गासेर किशोरी वृत वनाइनेछ ।
- स्वरोजगारीलाई विपन्नताको निकास मानि विपन्न महिला केन्द्रित भएर व्यवसायिक समूह विकास गरिनेछ ।

५. कृषि तथा पशु

- निर्वाहमुखि कृषि प्रणालीलाई व्यवसायिकरण गर्नका लागि उन्नत विउ विजन, मलखादको व्यवस्था गर्ने नीति लिइनेछ ।
- कृषियोग्य जमिनको खण्डिकरणलाई निरूत्साहित गर्न पहल गरिनेछ । खेतीयोग्य जमीन बाझो राख्न पाइने छैन ।
- नगरपालिका क्षेत्रभित्र रहेको खेती योग्य जमिनको तथ्या□लाई अध्यावधिक गर्दै सिंचित क्षेत्र र असिंचित क्षेत्र वर्गीकरण गरी

भू-उपयोग नीति अनुरूप जग्गाको उपयोगलाई सुनिश्चित गरिनेछ ।

- एक वडा एक उत्पादनको नीति लिइनेछ । यसको लागि सम्बद्ध पक्षहरूसग छलफल र सम्भाव्यता अध्ययन गरिनेछ । स्थानीय उत्पादनलाई बढावा दिन कृषि पकेट क्षेत्रहरूको व्यवस्थापन गरिनेछ ।
- कृषियोग्य जमीनमा सिंचाईको उचित प्रबन्ध गर्दै लगिनेछ ।
- सबै प्रकारका कृषिजन्य व्यापार ब्यवासायमा उपभोक्ता हित संरक्षणको नीति लागू गरिनेछ ।
- कृषि, पशु सेवा क्षेत्रको विकासका लागि क्षमता, सीप र सशक्तिकरणमा जोड दिद्दै सीपमूलक तालिम तथा आय आर्जनको कार्यक्रम संचालन गर्दै लगिनेछ ।
- स्थानीय कृषकलाई स्थानीय तहमै बिउ उत्पादन गर्ने वातावरण सिर्जना गर्न कृषकहरूलाई अनुदान प्रदान गर्नुको साथै उन्नत विउ विजन वितरण गरिनेछ ।
- कृषि तथा पशु उत्पादनबाट कृषकहरू लाभान्वित गराउनको लागि स्थानीय हाट बजारको व्यवस्थापन तथा बजारिकरणलाई प्रोत्साहित गरिनेछ ।
- कृषिजन्य विषादी नियन्त्रणका लागि अभियानमूलक कार्यक्रमहरू संचालन गरिनेछ । साथै एकिकृत शत्रुजीव व्यबस्थापनलाई जोड दिईने छ ।
- कृषि तथा पशुजन्य रोगहरूको खोज तथा पहिचान गरि त्यसको न्यूनीकरण एवं् रोकथाम गर्न आवश्यक कार्यहरू गरिनेछ ।
- प्रा□ारिक खेती प्रणालीलाई बढवा दिई अर्गानिक गाउ□ टोल घोषणामा जोड दिइनेछ । अर्गानिक खेति गर्ने किसानलाई प्रोत्साहित गरिनेछ ।

- सहकारीहरूको कुल बचतको निश्चित प्रतिशत रकम कृषिजन्य कार्यमा लगानी गर्न सहकारीहरूलाई प्रोत्साहित गरिनेछ ।
- कृषि क्षेत्रको विकासको निम्ति कृषिमा यान्त्रिकरण गर्न कृषकहरूलाई प्रोत्साहित गर्दै आवश्यक सहयोग गर्ने नीति लिइनेछ ।
- कृषि व्यवसायलाई व्यावसायिकरण गर्न माटो परीक्षण गरी खेती गर्ने व्यवस्थालाई प्राथमिकता दिइने छ ।
- उत्पादित कृषि वस्तुको भण्डारणको लागि शीत भण्डार निर्माणको लागि प्रोत्साहित गरिनेछ ।
- निर्वाहमुखी परम्परागत पशुपालनलाई निरूत्साहित गर्दै उन्नत जातको पशुपालनको व्यवस्था मिलाई व्यवसायिकरण र बजारीकरण गर्दै लगिनेछ ।
- दुध, अण्डा, माछा, मासुमा नगरबासीलाई आत्मनिर्भर बनाउने कार्यक्रम संचालन गरिनेछ ।
- व्यवसायिक दुग्ध उत्पादनलाई बढावा दिन बरमझियालाई दुग्ध पर्यटन क्षेत्र घोषणा गरी स्वस्थ र गुणस्तरयुक्त पेडा लगायत दुग्ध परिकारमा विविधिकरण गरी उद्यमशिलता प्रवर्द्धन गर्न प्रोत्साहन गरी हरेक वर्ष उत्कृष्ट व्यवसायि घोषणा गरी पुरष्कृत गरिने कार्यलाई निरन्तरता दिइनेछ ।
- स्वस्थ मासुको लागि आधुनिक बधशाला निर्माण गरिने तर्फ सम्भाव्यता अध्ययन गरिनेछ ।
- युवा लक्षित व्यवसायिक पशु उत्पादनलाई प्रोत्साहन गर्न अनुदान दिई गाई, भैंसी, बाख्रा, बंगुरको कृत्रिम गर्भधान□रा नश्ल सुधार गरी व्यवसायिक बनाउने नीति अबलम्बन गरिनेछ ।
- पशुपन्छीको प्राथमिक उपचारको लागि औषधि वितरण तथा प्रयोगशालाको व्यवस्था मिलाउने नीति लिइनेछ ।

- नगरपालिकाले पानीको श्रोतको सदुपयोग गरी भैरहेको पोखरी, तालहरूमा माछा पालन गर्ने तथा इच्छुक कृषक तथा फार्महरू परिचालन गरी मत्स्य पालनलाई बढावा दिइनेछ ।
- कृषि तथा पशु वीमा कार्यक्रमलाई अभियानको रूपमा संचालन गरिनेछ ।
- कञ्चनरूप नगरपालिकाको वडा नं. ७,८,९,११,१२ लाई आप्□ पकेट क्षेत्र घोषणा गरी कृषि पर्यटनलाई जोड दिन आप्□ महोत्सव आयोजना गरिनेछ ।
- कञ्चनरूप नगरपालिका भित्रका व्यवसायिक पशुपालक किशानहरूलाई प्रोत्साहन गर्न पशु मेला आयोजना गरी उत्कृष्ट पशुपालन गर्ने किसानलाई पुरष्कृत गरिनेछ ।

६. वातावरण, वन तथा भु-संरक्षण

- सामुदायिक वन क्षेत्रमा पनि वैज्ञानिक वन विकास सम्बन्धि नीति लागू गर्न प्रोत्साहित गरिनेछ ।
- सामुदायिक वनलाई प्रभावकारी बनाउन अनुगमनलाई नियमित बनाउने नीति लिइनेछ ।
- जडिबुटी उत्पादनमा जनचेतना अभिबृद्धि गरिनेछ ।
- सडक क्षेत्र, सार्वजनिक स्थल, नदी किनार, वन क्षेत्र लगायत निजी स्तरमा समेत वृक्षारोपण गरी हरियाली प्रवर्द्धनमा जोड दिइनेछ ।
- कञ्चनरूप नगरलाई हरित नगरीको रूपमा विकास गर्न नर्सरी स्थापना गरि वृक्षारोपण कार्यलाई बढावा दिइनेछ । यसको लागी निजी स्तरमा पनि नर्सरी स्थापनाको लागि प्रेरित गरिनेछ ।

- नगरपालिकाले पानीको श्रोतको सदुपयोग गरी नगरपालिका भित्रका पोखरी, तालहरूमा माछा पालन गर्ने तथा इच्छुक कृषक तथा फार्महरू परिचालन गरी मत्स्य पालनलाई बढावा दिइनेछ ।
- जलवायू परिवर्तनको प्रभावलाई न्यूनिकरण गर्न स्थानीय सामूदायिक वन क्षेत्र भित्र रहेका पोखरी र तालहरूको संरक्षण, सम्बर्द्धन गरी हरियाली प्रवर्द्धन, मत्स्यपालन पर्यटन क्षेत्रको विकास गर्न सामुदायिक वन उपभोक्ता समूह, वन कार्यालयसग सहकार्य गरिनेछ ।
- सामुदायिक वन क्षेत्रबाट प्राप्त आम्दानीलाई स्थानीय वन विकासमा लगानी गर्न र स्थानीय स्तरको विकासको लागि प्रेरित गरिनेछ ।
- सामुदायिक वन व्यवस्थापनको नियमनलाई प्रभावकारी बनाईनेछ ।
- वातावरण स्वच्छताका लागि सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्धन गर्ने नीति लिइनेछ ।
- खुला क्षेत्र संरक्षण गरी एक वडा एक पार्क निर्माण गर्ने नीतिलाई कार्यान्वयन गर्दै लगिनेछ ।

७. विपद व्यवस्थापन

- विपद्को पहिचान गर्न र त्यसको क्षतिको न्यूनिकरण गर्नको लागि क्षेत्रगत रणनीति अवलम्बन गरी कार्यान्वयनमा ल्याइनेछ ।

- सम्भावित प्रकोपको नियन्त्रणको लागि उपयुक्त ठाउमा बाध, तटवन्ध लगायत अन्य उपायहरू अबलम्बन गरिनेछ ।
- जोखिमयुक्त निर्माण कार्यहरूको नियमनको लागि उचित व्यवस्था गरिनेछ ।
- जोखिमयुक्त खाली ठाउहरूमा वृक्षारोपण लगायत अन्य पूवार्धार निर्माण गरि जोखिमलाई न्यूनिकरण गर्दै लगिनेछ ।
- विपद् उद्धारको लागि नगर तथा वडा स्तरीय प्रतिनिधि, कर्मचारी, सुरक्षाकर्मी, सामुदायिक संघसंस्था र स्थानीय स्तरमा स्वयम्सेवी यूवा दस्ता तयार गरी परिचालन गरिनेछ ।
- प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, सहरी स्वास्थ्य क्लिनिकहरूमा आपतकालीन स्वास्थ्य सेवाको लागि औषधि उपचारको व्यवस्था मिलाइनेछ ।
- विपद्बाट हुनसक्ने क्षतिको तत्काल उद्धार, राहत र पूनर्स्थापनाका लागि आवश्यक जनशक्ति, सामाग्री र श्रोतको पहिचान गरिनेछ ।
- प्राकृतिक प्रकोप एबम् बिपद् व्यवस्थापन सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- चुरे पहाडबाट उत्पति भएका महुली, सुन्दरी, पौडा, बान्द्रा, राई खोला, बघुवा, बभना,अमाहा आदी नदीनालाहरूमा वर्षाको समयमा आउने भेल बाढीबाट हुने क्षति र कटान रोक्नको लागि सघन रूपमा भू तथा जलाधार संरक्षण तथा नदी नियन्त्रण कार्यक्रम संचालन गरिनेछ । साथै यस समस्याको स्थायी समाधानको लागी प्रदेश र केन्द्र सरकारलाई जोडदार रूपमा पहल गर्नेछ ।

- बिपद् व्यवस्थापन सम्बन्धि काम गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय संघसंस्थाहरूलाई सहकार्यको लागी प्रेरित गरिनेछ ।
- आईपर्ने विपद्को सामनाको लागि नगरपालिकाले आवश्यक बन्दोवस्तीका सामानको व्यवस्था गर्नेछ ।
- हाती, अर्ना लगायत अन्य ज□ली जनावरबाट हुने आतंक र क्षति न्यूनिकरण गर्नको लागि स्थानीय स्तर, प्रदेश स्तर र केन्द्रीय स्तरमा पहल गरिनेछ ।

८. खानेपानी तथा सिंचाईको व्यवस्थापन

- नगरवासीलाई स्वच्छ, सफा खानेपानी व्यवस्थापनको लागि योजना बनाई कार्यान्वयन गरिनेछ ।
- खानेपानीको मूल, खोला, मुहान, सिमसार क्षेत्रको संरक्षण गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न ताल, पोखरी र सिमसार क्षेत्रहरूको संरक्षण गरी त्यसलाई पर्यटकीय गन्तब्य स्थल बनाउनुको साथै पर्यटन प्रबर्द्धन गर्न आवश्यक पूर्वाधारको विकास गरिनेछ ।
- नगरपालिका क्षेत्र भित्र निर्माणाधीन विभिन्न खानेपानी आयोजनाहरू शीघ्र सम्पन्न गर्न पहल गरिनेछ । निर्माण सम्पन्न भएपछि उपभोक्ता समितिमार्फत सञ्चालन गरिनेछ ।
- खानेपानी उपभोक्ता समिति, जल उपभोक्ता समिति लगायत यस क्षेत्रमा काम गर्ने संघसंस्थाहरूलाई व्यबस्थित गर्ने, प्रभाबकारी बनाउने र उपभोक्ता मैत्री बनाउने नीति अबलम्बन गरिनेछ ।
- कृषि क्षेत्रको विकासको लागि कृषि योग्य जमिनमा उपलब्धताका आधारमा सिंचाइको व्यवस्था गर्दै लगिनेछ ।

९. सरसफाई र फोहोर व्यवस्थापन

- नगर क्षेत्रको सरसफाईको लागि समय समयमा अभियानहरू संचालन गर्दै लगिनेछ।
- कलकारखाना, उद्योग व्यवस्था संचालन गर्नु अघि पूर्व प्रारम्भिक वातावरणीय परिक्षण (IEA–Initial Environmental Assessment) तथा वातावरणीय प्रभाव परिक्षण (EIA) अनिवार्य रूपमा गरेर मात्र संचालन गर्नुपर्ने नीति लिइने छ ।
- वायु प्रदुषण, ध्वनी प्रदुषण, जल प्रदुषण, भूमी प्रदुषण, औधोगीक प्रदुषण जस्ता प्रदुषणजन्य प्रकृतिका उद्योगहरूको संचालन गर्न पूर्णत: निरूत्साहित गरिनेछ ।
- "प्रदुषण गर्नेले तिर्नु पर्छ"भन्ने सिद्धान्त अनुरूप जवाफदेहि बनाई करको दायरामा ल्याईनेछ ।
- नगरपालिका क्षेत्रभित्र उत्पादन हुने फोहोरमैला व्यवस्थापनलाई प्राथमिकता दिई व्यवस्थापन गरिनेछ । यसको लागि चालु आर्थिक वर्ष भित्र दीगो रूपमा फोहोरमैला व्यवस्थापन गर्न स्थलको खोजि र सम्भाव्यता अध्ययन गरिनेछ ।
- बजार क्षेत्रका फोहरमैला व्यवस्थापन गर्न सरसफाई शुल्क तोकी कुहिने वा नकुहिने फोहरको वर्गीकरण गरी नकुहिने फोहरजन्य पदार्थहरू पसल देखि नै उठाउने व्यबस्था मिलाईनेछ ।
- सेफ्टी ट्यांकबाट उत्पादन हुने फोहरलाई व्यवस्थापन गर्न प्रशोधन केन्द्र निर्माण गर्न जग्गाको खोजी गरी प्रशोधन केन्द्र निर्माण गरी मल उत्पादन गर्न पहल गरिनेछ ।
- फोहोरजन्य पदार्थलाई वर्गीकरणका लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

- फोहोरमैला व्यवस्थापनको लागि घर नक्सा पास गर्दा अनिवार्य रूपमा शौचालय र सेफ्टी ट्यांकी निर्माण गर्नुपर्ने व्यवस्था लागू गरिनेछ ।
- नगर क्षेत्रभित्र छोडिने छाडा पशु चौपाया, सडक किनारामा पशु बाछा निरूत्साहित गरिनेछ । सार्वजनिक स्थलमा छाडिएका छाडा पशुहरूलाई नियन्त्रणमा लिइ कान्जी हाउसमा राखिने व्यवस्था गरिनेछ ।
- सरसफाई फोहोरमैला व्यवस्थापनको लागि सम्बन्धित वडाहरूलाई नै जिम्मेवार बनाइनेछ ।
- नगर क्षेत्रलाई चालु आ.व मा पूर्ण सरसफाईयुक्त नगरको लागि सरसफाईका विशेष कार्यक्रमहरू संचालन गर्दै लगिनेछ ।
- सार्वजनिक स्थलमा सार्वजनिक शौचालयहरू निर्माण गर्दै लगिनेछ र सार्वजनिक स्थलमा रहेका सार्वजनिक शौचालयहरूको मर्मत सम्भार र व्यबस्थापन गर्दै लगिनेछ ।
- नगरपालिका क्षेत्र भित्र रहेको पूर्व पश्चिम लोकमार्गको सडक अधिकार क्षेत्रलाई सरसफाई गरि व्यवस्थापन गरिनेछ ।
- सडक क्षेत्र भित्र निर्माण समाग्री थुपार्न र गाईबस्तु बाधी सडक अवरद्ध गर्नेलाई दण्डित गरिनेछ ।

१०. प्राकृतिक श्रोतहरूको संरक्षण र व्यवस्थापन

- नगरको भूगोल नक्सा (Physical map) प्रकाशन गरी संभाव्य प्राकृतिक श्रोत र साधन, खानी तथा खनिज, जंगल, वन्यजन्तुको औपचारिक नक्सांकन गरिनेछ । साथै स्थानीय कच्चा पदार्थहरूको पर्याप्तताको आधारमा उद्योगको विस्तार र व्यवस्थापन गर्दै युवा रोजगारी प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

- वन जंगल, वन्यजन्तु, ढुंगा, गिटि बालुवा, नदी, खोला, खानी आदी प्राकृतिक श्रोतहरूको पहिचान गरिनेछ ।
- पानीको श्रोत, मुहान, पोखरी, तलाउ, ऐतिहासिक, संस्कृतिक तथा धार्मिक सम्पदा एवं जैविक विविधताको संरक्षण गर्ने नीति लिइनेछ ।
- वन पैदावार, ढुंगा, बालुवाको चोरी निकासीलाई नियन्त्रण गरी करको दायरामा ल्याइनेछ ।
- सिमसारको उचित संरक्षण, व्यवस्थापन र प्रवर्द्धन गरिनेछ ।

११.पर्यटन प्रबर्द्धन

- कञ्चनरूप नगरपालिकाको धार्मिक, पुरातात्विक सम्पदाको थप उजागर र संरक्षण गरी यस नगरपालिकालाई सप्तरी जिल्ला कै प्रमुख पर्यटकीय गणतव्यको रूपमा विकसित गर्दै लगिनेछ ।
- कञ्चनरूप नगरपालिका क्षेत्र भित्र पर्ने खोत्तर देवी, धर्मेश्वर,धारापानी पञ्चकन्या देखि सप्तकोशी सम्मको क्षेत्रलाई पर्यटन गणतव्यको रूपमा विकास गरी विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- यस नगरपालिकाको पूर्वमा सुन्दरी नदी, पश्चिममा पूर्व पश्चिम राजमार्ग देखि खोत्तर देवी हुँदै कुन्तामाई सम्म उत्तरमा चुरे पर्वत श्रृंखला, दक्षिणमा पूर्व पश्चिम राजमार्गको सुन्दरी पुल देखि खोत्तर देवी जाने बाटोको मुख सम्म भागलाई धर्मेश्वर धारापानी पर्यटकीय क्षेत्र घोषणा गरिएकोछ ।
- कञ्चनरूप नगरपालिकाका उपयुक्त स्थानहरू पहिचान गरी आकर्षक पर्यटकीय गन्तव्य स्थलको रूपमा विकास गरिनेछ ।
- नगरपालिकाको उपयुक्त स्थानमा भ्यू टावर र रिसोर्ट विश्रामालयहरूको विकास गरिनेछ ।

- पर्यटन सम्बन्धी सेवा प्रदान गर्ने उद्देश्यले स्थापना भएका होटल, लज, ट्राभल एजेन्सी लगायत व्यवसायीहरूसग समन्वय गरि स्थानीय पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ ।
- आन्तरिक र बाह्य पर्यटकहरूसग पर्यटन शुल्क उठाउन सकिने क्षेत्रहरू पहिचान गरि लागु गर्ने र सो बाट प्राप्त आम्दानी उक्त क्षेत्रहरूको विकास र प्रवर्द्धनको लागि मात्र निश्चित प्रतिशत खर्च गर्ने व्यवस्था मिलाइने छ ।
- ऐतिहासिक, सांस्कृतिक, धार्मिक क्षेत्रहरूको पहिचान गरि त्यसको संरक्षण र प्रबर्द्धन गरिनेछ ।
- कृषि, वाणिज्य, पर्यटन तथा शैक्षिक महोत्सव आयोजना गर्न सम्बद्ध विषयगत क्षेत्र आयोजक हुने संस्थालाई मात्र महोत्सव आयोजनाको अनुमति प्रदान गर्ने, तर अन्य क्रियाकलापको लागि त्यस्तो मेला संचालनको लागि अनुमति नदिइने नीति लिइनेछ ।
- पुरातात्विक महत्वका सम्पदाहरूको विशेष संरक्षण एवं सम्वर्द्धन गर्न नगरवासीहरूको साझा पहिचान तथा संस्कृति झल्काउने खालको संग्रहालय स्थापना गर्न चालु आर्थिक वर्षबाट नै सम्भाब्यता अध्ययन कार्यको लागि थालनी गरिनेछ ।
- सिमसार क्षेत्रमा प्रर्यटन प्रर्बधनका कार्यकमहरू निर्माण र सञ्चालन गरिनेछ ।
- सार्वजनिक स्थलहरूको पहिचान गरि सार्वजनिक पार्कहरू निर्माण गरिनेछ ।
- स्थानीय स्तरमा बाल उद्यानहरूको निर्माण गरिनेछ ।
- स्वरूपथुम्कि, खोतरदेवी कुन्तामाई धर्मेश्वर धारापानीलाई पर्यटन क्षेत्र घोषणा गरी पूर्वाधार विकासका लागि पर्यटन गुरूयोजना तयार गर्नुका साथै पञ्चकन्या, विष्णु मन्दिर, भजनेश्वरनाथ

सप्तकोशी क्षेत्रमा धार्मिक पर्यटन, सांस्कृतिक पर्यटन, पर्या पर्यटन जस्ता कार्यक्रम संचालन गरिनेछ ।

१२.शान्ति सुरक्षा

- नगर भित्र शान्ति सुरक्षा कायम गर्नका लागि नगर प्रहरी र सुरक्षा निकायसंग समन्वय गरिनेछ ।
- नगर भित्रको सार्वजनिक आवागमन सुव्यवस्थित गर्न र विभिन्न चाडपर्व, मेला, महोत्सव, प्रर्दशनी इत्यादिको व्यवस्थापन गर्न नगर प्रहरी र सुरक्षा निकायसग समन्वय गरिनेछ ।
- बढी अपराध हुने तथा दुर्घटना घट्ने ठाउहरू पहिचान गरी उक्त स्थानहरूमा विशेष निगरानीको व्यवस्था मिलाइनेछ । नगरका मुख्य-मुख्य स्थान, चौक र धार्मिक ऐतिहासिक स्थलहरूमा सि.सि.क्यामरा मार्फत निगरानी हुने व्यवस्था मिलाइनेछ । यसको लागि चालु आ.व मा पूर्व पश्चिम लोकमार्गमा सि.सि. क्यामरा जडान गरिनेछ ।
- सबै प्रकारका लागू औषध तथा दुर्व्यसनी र मादक पदार्थ सेवनलाई निरूत्साहित गरिनेछ ।
- शैक्षिक संघसंस्था तथा ऐतिहासिक, धार्मिक स्थलहरूको ५० मिटर आसपासमा मादक पदार्थ तथा सूर्तिजन्य पदार्थहरूको बिक्री वितरण र सेवनमा पूर्णतः रोक लगाइनेछ । साथै उक्त क्षेत्रहरूमा ज□ फूड विक्रि वितरणलाई निरूत्साहित गरिनेछ।
- अठार वर्षभन्दा मुनिका बालबालिकालाई धुम्रपान र मध्यपान सेवन गर्न तथा बिक्री वितरणमा पूर्णतया निषेध गरिनेछ र उक्त समूहका बालबालिकाहरूलाई विक्री वितरण गर्ने व्यापारिहरूलाई दण्डित गरिनेछ ।

- खेलकुद क्षेत्रमा विभिन्न खेल विधामा खेलकुद प्रतियोगिताहरू सञ्चालन गर्न आवश्यक व्यवस्था गरिनेछ ।

१३. पूर्वाधार विकास

- पूर्वाधार विकासका निमित्त सामाजिक, आर्थिक, भौगोलिक तथा वातावरणको असरको सम्बन्धमा अध्ययन गर्न प्रारम्भिक वातावरणीय परिक्षण तथा वातावरणीय प्रभाव परिक्षणलाई अवस्था अनुसार अनिवार्य गराइनेछ ।
- कञ्चनरूप नगरपालिकाको आवधिक योजना एबम् Comprehensive Town Development Plan तयार गरी नगर विकासको दीर्घकालिन योजना अनुरूप Master Plan अनुसार नगरको भौतिक विकास योजनाहरू संचालन गरिनेछ ।
- कंचनरूप नगरको शहरी नक्शांकन(Urban Mapping) को लागि शहरी विकास तथा भवन निर्माण विभागलाई अनुरोध गरिनेछ ।
- भौतिक पूर्वाधारहरू निर्माण गर्दा तोकिएको मापदण्ड कायम गर्न कडाइका साथ अनुगमन प्रणालीलाई सशक्त बनाइनेछ ।
- भौतिक पूर्वाधारहरू विकास तथा निर्माण गर्ने क्रममा हुने विलम्ब तथा ढिलासुस्ती र व्यवधानहरूलाई हटाउने कार्यमा पूर्वाधार विकास समिति मार्फत प्रभावकारी अनुगमन गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र निर्माण हुने भौतिक पूर्वाधारका योजनाहरूको प्राथमिकता निर्धारण गरी क्रमागत रूपमा निर्माण तथा विकास गरिनेछ ।
- उपभोक्ता समिति र निर्माण व्यवसायी मार्फत निर्माण गरिने भौतिक पूर्वाधारहरूको निर्माण कार्यमा अनावश्यक ढिला सुस्ती गर्ने, गुणस्तरहीन कामगर्ने उपभोक्ता समिति र निर्माण व्यवसायीलाई दण्डित गरिने, कालोसुचिमा राख्ने, भविष्यमा

कुनै यस्तो कार्य गर्न अयोग्य ठहराउन सक्ने र जमानत जफत गर्ने जस्ता कार्यहरू मार्फत प्रभावकारी नियमन गरिनेछ ।

- नगरपालिका क्षेत्रभित्र निर्माण वा विकास गरिने भौतिक पूर्वाधारहरू महिला मैत्री, नागरिक मैत्री, अपा□मैत्री तथा वातावरण मैत्री र बालमैत्री बनाइनेछ ।
- ठूलो, मझौला, साना तथा नगरस्तरीय विकासका पूर्वाधारहरूका लागि केन्द्रिय स्तरको बजेटमा र प्रदेश स्तरको बजेटमा पारी भौतिक पूर्वाधार विकास र निर्माण गर्न आवश्यक समन्वय र अग्रसरता लिइनेछ ।
- पूर्वाधार विकासमा लागत साझेदारीलाई बढवा दिद्दै विकासमा उपभोक्ताको आयोजना प्रतिको अपनत्व वढाउनको लागि कालेपत्रे तथा ढल निकास लगायत अन्य पुर्वाधारमा न्युनतम १० प्रतिशत लागत साझेदारीको लागी नगदै रकम नगरपालिकाको संचित कोषमा अनिवार्य जम्मा गर्नुपर्ने व्यवस्था गरिएको छ ।
- लागत सहभागिता जुटाउन नसक्ने पूर्वाधार विकासका योजनाहरूमा ग्राभेल तथा माटोको कामको हकमा कुल लागतको न्यूनतम २० प्रतिशत र संरचना निर्माणको हकमा न्युनतम १० प्रतिशत जनसहभागिता अनिवार्य जुटाउने व्यवस्था गरिएको छ।
- तोकिएको लागत सहभागिता र जनसहभागितामा सहभागी नहुने उपभोक्ताहरूलाई नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाहरूमा रोक लगाइने नीति लिइनेछ ।
- कञ्चनरूप नगरपालिका क्षेत्रको उपयुक्त स्थानमा आधुनिक सुविधायुक्त बसपार्क स्थापना गर्न पहल गरिनेछ ।

- नगरपालिका क्षेत्रमा एक सामुदायिक भवन र कवर्डहल सहितको अन्तराष्ट्रिय स्तरको खेल मैदान क्रमशः निर्माण गर्दै लगिनेछ ।
- नगररपालिका क्षेत्रको क्वार्टर मलेठबाट बलुवा सैनिक चौक पञ्चकन्या बस्तिपुर हुद्दै चर्खिया, धरमपुर धर्मेश्वर पर्यटक क्षेत्र हुद्दै सिमरा चौक, सिमरा चौकबाट गोरपार हुद्दै बरमझिया चौक, बरमझिया चौकबाट बगदगामा बैरवा धनकँ ा भोडहा हुद्दै पथरी देखि क्वार्टर मलेठ सम्म चक्र पथ निर्माण र आसपासमा बस्ती विकासको लागि संभव्यता अध्ययन प्रारम्भ गरिनेछ ।
- रूपनगरबाट घोघनपुर हुद्दै बलुवा चौक निस्कने र पिप्रापूर्ब सरदारटोल परेमारा जगतपुर हुद्दै कञ्चनपुर निस्कने मोटर बाटोको विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने कामको थालनी गरिनेछ ।
- सुन्दरी खोलामा बाह्रै महिना पानी बग्ने भएकोले जलासय निर्माण गरी सिंचाई र जलविद्युत उत्पादन गरी नगरपालिकालाई उर्जामा आत्मनिर्भर बनाउन सम्भाव्यता अध्ययन गरिनेछ ।
- सुन्दरी खोलाको किनारमा किरिया घर सहितको शवदाह स्थल निर्माण गरिनेछ ।
- कञ्चनरूप नगरका विभिन्न स्थानमा सोलार वत्ती जडान गरिनेछ र मुख्य मुख्य चौकमा WiFi Zone स्थापना गरिनेछ ।

१४. तथ्या तथा सूचना व्यवस्थापन

- स्थानीय अभिलेख व्यवस्थापनका लागि नीति, कानुन, मापदण्ड, योजना, बनाई त्यसलाई कार्यान्वयन र नियमन गरिनेछ ।
- आफनो क्षेत्रभित्र रहेको जनसंख्या भाषा , संस्कृतिक , प्राकृतिक श्रोत, भौतिक पुर्वाधार, सम्पत्ति, रोजगार, संचार र

सुकुम्बासी जस्ता अत्यावश्यक तथ्या□हरूलाई संकलन तथा अध्यावधिक गरि अभिलेखिकरण गरिनेछ ।

- जन्म, मृत्यु, बसाइसराई, बिवाह सम्बन्ध विच्छेद लगायत व्यक्तिगत घटना तथा विवरणहरूको अनिवार्य रूपमा दर्ता गरि अभिलेखिकरण गर्नुका साथै त्यस्ता तथ्या□हरूको विश्षलेषण गरि योजना तर्जुमा र कार्यक्रम निर्माणमा उपयोग गरिनेछ ।
- न्यायिक समितिबाट भएको निर्णयको लगत, व्यवस्थित र सुरक्षित रूपमा अभिलेख राख्ने व्यवस्था गरिनेछ ।
- न्यायिक आभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको व्यवस्था गरिनेछ ।
- हरेक वडा कार्यालयमा र आवश्यकता अनुरूप अन्य स्थलहरूमा सूचना पाटीको व्यवस्था गरिनेछ ।
- सामाजिक सन्जाल, वेबसाइट लगायत विधुतिय माध्ययमको प्रयोग गरिनेछ ।
- स्थानीय तहका विषयगत क्षेत्रहरूलाई सूचनामैत्री बनाइनेछ ।
- नगरपालिका र वडा कार्यालयहरूमा नागरिक वडापत्रको व्यवस्था गरिनेछ । सेवाग्राहीहरूको गुनासो व्यवस्थापनको लागि गुनासो पेटीकाको व्यवस्थाको साथै गुनासाहरूको सम्बोधन गरिने समुचित व्यवस्थापन गरिनेछ ।
- नगरपालिकामा एकजना छुटै सूचना अधिकारी र प्रत्येक वडामा सम्बन्धित वडा अध्यक्ष मार्फत नगरवासीहरूलाई सूचना अधिकारीको हैसियतमा सूचना प्रदान गर्ने कार्य गरिनेछ ।
- नगरपालिकाको सम्पूर्ण क्षेत्रहरूमा आवश्यक पर्ने सञ्चारका माध्यमको पहूच स्थापना गरिनेछ ।

- नगरपालिकाले आफुले सञ्चालन गरेका क्रियाकलाप तथा सेवा प्रवाहको सार्वजनिक सुनुवाई गर्ने प्रबन्ध मिलाईनेछ । साथै विषयगत क्षेत्रवाट संचालन भएको सेवा र कार्यक्रमहरूको समेत सार्वजनिक सुनुवाई गर्ने प्रबन्ध मिलाइनेछ ।
- नगरपालिकाको गतिविधीहरू नगरपालिकाको आफनै वेवसाइट (www.kanchanrupmun.gov.np)मार्फत प्रवाह गरिनेछ ।
- नगरपालिकाले सम्पादन गर्ने गतिविधिहरूको आवधिक रूपमा संचारका विभिन्न माध्यमद्धारा प्रशारण गरिने व्यवस्था मिलाइनेछ ।

१५. गैर सरकारी संस्था र सहकारी

- हाल संचालनमा रहेका र अब संचालनका लागि अनुमति लिने गैर सरकारी संस्था, सामुदायिक संस्था र सहकारी सस्थाले नगरपालिकामा दर्ता अनुमति लिनु पर्नेछ । यसको लागि नगरपालिकाबाट नियम एवं कार्यविधि बनाई व्यवस्थित गरिनेछ ।
- नगर भित्र दर्ता भएका गैर सरकारी संस्था, सामुदायिक संस्था र सहकारी संस्थाको नियमन, खारेजी र बिघटन नगरपालिका मार्फत गरिनेछ ।
- नगरक्षेत्र भित्र कार्य गर्न चाहने गैर सरकारी संस्था, सामुदायिक संस्था, सहकारी संस्थाहरूले आफ्नो कार्यक्रम र बजेट नगरसभाबाट स्वीकृत गराई कार्यान्वयन गराउने व्यबस्था मिलाईनेछ ।
- विकासका साझेदार संस्थाहरूबाट साझेदारीमा संचालन गरिने नगरस्तरीय योजनालाई प्रभावकारी तथा नतिजामुखी बनाई कार्यान्वयन गर्न प्रोत्साहित गरिनेछ।

- कृषि क्षेत्र लगायत अन्य उत्पादन तथा सेवामा आधारित सबै प्रकारका व्यवसायमा सहकारी संस्थालाई क्रियाशिल तुल्याई सो क्षेत्रमा कार्य गर्न ऋण प्रदान गर्न प्रोत्सहान गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र संचालन भएका सहकारी संस्थाहरूको अध्ययन, अनुसन्धान गरि सो को अभिलेख गरिनेछ ।
- सहकारीको क्षमता अभिबृद्धि गर्न तालिम तथा अभिमुखिकरणको व्यवस्था गरिनेछ ।
- महिला, गरिब, सिमान्तकृत, अपा□, भूमीहीन तथा पिछडिएको वर्ग र श्रमिकहरूको साथै आम नागरिकको जीवनस्तरमा सुधार ल्याउन सहकारीको पहुच आभिबृद्धि गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र रहेका सहकारी संस्थाहरूबाट सहकारी बैंकको स्थापना गर्न पहल गरिनेछ ।
- नगरपालिकाले समुदायका सदस्यहरूलाई सहकारीको माध्यमबाट एकजुट भई उद्योग व्यवसाय संचालन गर्न प्रेरित गरिनेछ ।
- सहकारी संस्थाले सदस्य केन्द्रित भई आफ्नो कारोबार गर्नु पर्ने र तोकिएको क्षेत्रधिकार भन्दा बाहिर गई कारोबार गर्न रोक लगाई त्यसको प्रभावकारी अनुगमन गरिनेछ ।
- कानुन बमोजिम कार्य नगरेका सहकारी संस्था माथी निरिक्षण गर्ने र कारबाहीको दायरामा ल्याउने व्यवस्था मिलाइनेछ ।

१६. घरनक्सा सम्बन्धमा

- नगरपालिका क्षेत्रभित्र निर्माण हुने सबै प्रकारका निजी, सर्वजनिक तथा सरकारी भवनहरू नगरपालिकाको इजाजत प्राप्त गरी मात्र निर्माण हुने व्यवस्थालाई कडाइका साथ पालना गरिनेछ ।

- वस्ती विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत निर्माण मापदण्ड, २०७२ तथा राष्ट्रिय भवन संहिता,२०६० लाई पूर्णत: पालना गराइनेछ।
- कञ्चनरूप नगरपालिका घोषणा हुनु पूर्व साविक गा.वि.स. क्षेत्रभित्र निर्माण भएका घरहरूलाई भवन निर्माण इजाजत तथा नक्सा अभिलेखिकरणको दायरामा ल्याइनेछ।
- भवन निर्माण नक्सा पास गर्दा अनिवार्य रूपमा एक घर दुई विरूवा रोप्ने र आफ्नो घर अगाडीको नाला आफैंले निर्माण गर्ने परिपाटीको थालनी गराइनेछ ।
- भवन सम्पन्नताको प्रमाणपत्र दिइ सार्वजनिक स्थलमा रहेका निर्माण सामाग्रीहरू हटाएपछि मात्र प्रमाण-पत्र उपलब्ध गराइनेछ ।
- नगरपालिका क्षेत्रमा व्यवसायिक रूपमा गरिने जग्गा प्लटि□ भित्र रहने बाटोको चौडाई नाला सहित २० फिट हुनुपर्ने, जसमा दुवैतर्फ अनिवार्य रूपमा पक्कि नाला निर्माण भएको हुनुपर्ने साथै विद्युतिकरण र खानेपानीको व्यवस्था समेत भएको व्यवस्थित बस्ति विकासको अवधारणा अनुरूप नगरपालिकाको प्राविधिक बाट अनिवार्य स्थलगत निरीक्षण गरी सिफारिश भएको हुनुपर्ने, प्लटि□ व्यवसाय अनिवार्य रूपमा नगरपालिकामा दर्ता भएको हुनुपर्ने, उल्लेखित मापदण्ड पुरा नगरेको प्लटि□ भएका जग्गाहरूको सन्दर्भमा पूर्वाधार विकासको लागि लगानी र जग्गा किनबेचको सिफारिश नगर्ने नीति लिइनेछ । अन्य कुराको हकमा वस्ति विकास, शहरी योजना तथा भवन निर्माण सम्बन्धि आधारभूत निर्माण मापदण्ड, २०७२ बमोजिम हुने नीति लिइनेछ ।
- साविक नगरपालिका घोषणा हुइ निर्मित भवनहरू र वस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्बन्धी आधारभूत

मापदण्ड, २०७२ लागु हुनु पूर्व निर्माण भई सकेका भवनहरूको यथाशिघ्र अभिलेखिकरण गर्ने व्यवस्था गरिनेछ । त्यस्ता मापदण्ड पुरा नभएका, साविक निर्माण भई सकेका भवनहरूलाई नगरकार्यपालिको बैठकबाट आवश्यक प्रकृया तोकि अभिलेखिकरण गर्ने व्यवस्था मिलाइनेछ ।

- स्थानीय स्तरमा भवन तथा पूर्वाधार निर्माण कार्यमा टेवा पुगोस भन्ने उद्देश्यले भवन निर्माण तथा पूर्वाधार निर्माण सम्बन्धी आधारभूत तालिम प्रदान गरिनेछ ।

१७. कर तथा राजस्व अभिबृद्धि

- करका दरहरूलाई समय सापेक्ष परिमार्जन गदै लगिनेछ ।
- करको दायरामा नआएका क्षेत्रहरूलाई यथाशिघ्र करको दायरामा ल्याइनेछ । यसको लागि चालु आर्थिक वर्षमा नै आन्तरीक राजश्व अभिबृद्धि अध्ययन तथा सुझाव कार्यदल बनाई कार्य गरिनेछ ।
- कञ्चनरूप नगरपालिकामा आगामी आर्थिक वर्ष २०७५।०७६ देखि अनिवार्य रूपमा एकिकृत सम्पती कर लागु गरिनेछ । एकिकृत सम्पत्ति कर प्रयोजनको लागि सम्पत्तिको बर्गीकरण र मुल्या□न गरी प्रतिवेदन पेश गर्न यथाशिघ्र एक कार्यदल गठन गरि कार्यारम्भ गरिनेछ ।
- घर बाहल करलाई आन्तरिक श्रोतको अभिन्न अंगको रूपमा विकसित गरि बजारक्षेत्र भित्रको व्यवसायिक प्रयोजनको लागि घर भाडामा लगाइएको घरको कोठाको न्यूनतम घरभाडा कायम गरि नगर कार्यपालिकाले तोकेको दरमा बहाल कर लिइनेछ ।
- नगरपालिकालाई आवधिक रूपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई पुरस्कृत गरिनेछ ।

- करदाताहरूलाई कर सम्बन्धमा सचेतना प्रदान गर्न आ.व.२०७५□२०७६ मा करदाता शिक्षा प्रदान गरिनेछ ।

१८. न्यायिक कार्य सम्बन्धि

- न्यायिक समितिलाई प्रभावकारी बनाउनका लागि त्यस समितिका सदस्यहरूलाई न्युनतम पुर्पक्ष र कार्यविधी एवं् अधिकारको अनुशिक्षण तलिमको व्यवस्था गरिनेछ ।
- न्यायिक समितिको व्यवस्थापनको लागि नगरपालिकाले छुँै कानूनी शाखा र कानुनी सल्लाहकारको व्यवस्था गरी न्याय सम्पादन कार्यलाई कार्यान्वयन गरिनेछ ।

१९. व्यापार तथा वाणिज्य

- नगर क्षेत्रमा रोजगारी प्रर्वद्धन गर्नका लागि औधोगिक क्षेत्रको स्थापना गरि स्वदेशी लगानीकर्त्तालाई लगानी गर्न प्रोत्साहन गरिनेछ ।
- कञ्चनरूप नगरपालिकाले स्थानीय स्तरमा सञ्चालन भईरहेका र हुने क्रममा रहेका व्यवसायहरूको दर्ता, नविकरण, खारेजी र विघटन गर्न सक्नेछ ।
- दर्ता भएका व्यवसायलाई अनुगमन गर्ने व्यवस्था गरिनेछ ।
- स्थानीय स्तरको व्यवसाय बाट उत्पादित वस्तुहरू गुणस्तर उपभोक्ताको हकहित अनुसार भए नभएको रेखदेख, अनुगमन तथा नियमन गर्ने व्यवस्था गरिनेछ ।
- स्थानीय स्तरमा रहेका बौद्धिक सम्पत्तिको संरक्ष्ण गरिनेछ ।
- स्थानीय स्तरमा स्थापना भएको व्यवसायहरूको तथ्या□ स□लन दुरूस्त गरी अभिलेख राख्ने व्यवस्था गरिनेछ ।
- स्थानीय स्तरमा उत्पादन भएको वस्तुहरूको वर्गिकरण गरी त्यसको प्रर्वद्धन एबम् व्यवसायिक उत्पादनमा प्रोत्साहन गर्न आवश्यक कार्यहरू संन्चालन गरिनेछ ।

- व्यवसाय वा व्यापारको सम्बन्धमा आवश्यकता अनुसार अनुगमन गरी सो सग सम्बन्धित विवरणहरू माग गर्न सक्ने व्यवस्था गरिनेछ ।
- नगरपालिकाबाट बजार तथा हाटबजारको व्यवस्थापन, अनुगमन तथा निरिक्षण गर्ने प्रबन्ध गरिनेछ ।
- स्थानीय स्तरको वस्तु तथा सेवाको मुल्य निर्धारण गरी सोको गुणस्तरको जाचबुझ तथा अनुगमन गर्ने प्रबन्ध गरिनेछ ।
- उपभोक्ता हितलाई ध्यानमा राखि बजार क्षेत्रहरूमा नियमित रूपमा बजार अनुगमन गर्ने व्यवस्था मिलाइनेछ ।
- दर्ता भएका इजाजत प्राप्त व्यवसायिक फर्महरूले प्रत्येक वर्ष नगरपालिकामा नविकरण गर्नुपर्ने व्यवस्था लागु गरिएको छ ।

२०. सुशासन सम्बन्धी

- सेवा प्रवाहमा First Come First Service नीति अबलम्बन गरिनेछ ।
- भ्रष्ट्राचारमा शून्य सहनसिलता नीति अबलम्बन गरी सदाचार प्रवर्द्धन गरिनेछ ।
- नगरपालिकाबाट प्रवाह भएका सेवाहरूमा सम्पादन हुन नसकेका कार्यहरूको हरेक दिन सेवाग्राही बाट पृष्ठपोषण लिने व्यवस्था मिलाई त्यसको सुनुवाईको व्यवस्था मिलाइनेछ ।
- नगरपालिका क्षेत्र भित्र सरकारी कार्यालय तथा संस्थानहरूबाट भएको सेवा प्रवाहलाई चुस्त, दुरूस्त, पारदर्शिता र प्रभावकारी रूपमा संचालन गर्न गराउन प्रेरित गर्दै अनुगमन समेत गरिनेछ ।
- नगरपालिकाबाट प्रदान हुने सेवाहरूलाई पारदर्शी, जवाफदेही, नियमित, मितव्ययी बनाईनेछ । यसका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परिक्षण, सामाजिक परिक्षण, खर्च

सार्वजनिकीकरण, गुनासो व्यवस्थापन, लैं□क उत्तरदायी बजेट निर्माण र विश्लेषण जस्ता विधि अपनाईनेछ ।

- सूचना अधिकारी मार्फत मात्र सूचना उपलब्ध गराईने व्यवस्थालाई निरन्तरता दिइनेछ ।
- सेवाग्राहीलाई सुशासनको प्रत्याभूति दिलाउन नागरिक बडापत्रमा समय सापेक्ष परिमार्जन गरी सेवा प्रवाह गरिनेछ ।
- स्थानीय स्तरमा पत्रकारिता विकासका लागि पहल गरिनेछ ।
- नगर कार्यपालिकाका कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम गोष्ठी तथा अध्ययन भ्रमणको आयोजना गरिनेछ ।
- नियमित रूपमा गुनासो पेटिका खोली प्राप्त गुनासालाई सम्बोधन गरिनेछ ।
- वित्तीय प्रणाली तथा योजना व्यवस्थापन प्रक्रियालाई कम्प्युटराइज्ड प्रविधिमा संचालनलाई निरन्तरता दिईनेछ ।
- सार्वजनिक खरिदलाई थप व्यवस्थित र पारदर्शी बनाउन ठूला खरिद तथा निर्माण कार्यमा E-biddingप्रणालिलाई निरन्तरता दिइनेछ ।
- नगर कार्यपालिकाका निर्णयहरू वेभसाइट मार्फत सार्वजनिक गरिनेछ ।
- विकास निर्माणमा नगरमा सक्रीय संघसंस्था, विषयगत कार्यालयहरू र विकास साझेदारहरूको गतिविधिहरूलाई समन्वय गर्न वेभमा आधारित आयोजना लगानी विवरण संकलन नीति लिईनेछ ।
- सुशासन प्रर्वधनको लागि क्षेत्रगत रूपमा सम्पर्क व्यक्ति तोकी क्षेत्रगत सूचना उपलब्ध गराउने व्यवस्था मिलाइनेछ ।

- सेवाग्राहीमैत्री सुशासनको लागि शोधपुछ कक्ष, सहायता कक्ष तोकि सेवालाई प्रभावकारी बनाइनेछ ।
- नगरकार्यपालिकाको बैठकको निर्णयहरूलाई प्रवक्ता मार्फत जानकारी गराइनेछ ।
- सेवाग्राहीको गुनासो व्यवस्थापनको लागि सबै राष्ट्रसेवक कर्मचारीहरूलाई जिम्मेवार बनाइनेछ ।
- योजना कार्यान्वयन कार्यविधि, उपभोक्ता समिति गठन र परिचालन सम्बन्धी कार्यविधि, शिक्षा नियमावली, स्वास्थ्य संस्था संचालन र व्यवस्थापन कार्यविधि आदी क्षेत्रगत नियमावली र कार्यविधिहरू बनाइ प्रभावकारी बनाइनेछ ।
- पत्रकारिता क्षेत्रलाई मर्यादित तथा व्यवस्थित गर्न पत्रकारहरूलाई सम्मान साथै पुरस्कृत गरिनेछ ।
- उत्कृष्ट काम गर्ने उपभोक्ता समितिलाई पुरस्कृत गरिनेछ ।

२१. संगठन तथा जनशक्ति विकास

- नगरपालिकामा कर्मचारीको अभावले सेवा प्रवाहमा समस्या देखिएकोले नगर सभाबाट दरवन्दी संरचना स्वीकृत्त गरी तत्काल आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन स्थानीय सरकार संचालन ऐन, २०७४ सर्बजनिकि खरीद ऐन तथा करार सेवा निर्देशिकाको आधारमा गरिनेछ ।
- नगरपालिकामा कार्यरत जनशक्तिको क्षमता विकास गर्दै उत्कृष्ट कर्मचारीलाई कार्यसम्पादन मूल्यांकनको आधारमा पुरष्कृत गर्दै लगिनेछ ।
- प्रचलित ऐन, नियमको परिधि भित्र रही कार्यसम्पपादन मूल्यांकनको आधारमा कार्यरत कर्मचारीलाई बढुवा, स्तरबृद्धि, प्रोत्साहन र पुरस्कार प्रदान गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

- मौजुदा जनशक्तिलाई समयानुकूल दक्ष, सीपयुक्त र सक्षम बनाउन श्रोत जुटाई तालिम दिने नीतिलाई निरन्तरता दिइनेछ ।
- कार्यलयको कामप्रति कर्मचारीको मनोबल र उत्प्रेरणा उच्च बनाउन उत्प्रेरणाका उपयुक्त औजारहरूको उपयोग गरिनेछ ।
- कर्मचारीको सेवाको सुरक्षाको लागि अवकास हुद्दाका बखत उपदान दिनका लागि कर्मचारी कल्याण कोषमा रकम विनियोजन गरिनेछ ।

२२. विविध

- कञ्चनरूप नगरपालिका क्षेत्र भित्रका ऐलानी र सार्बजनिक पर्ति जग्गाहरूको संरक्षण गरिनेछ । अनधिकृत रूपमा कब्जा गरिएका जग्गा खाली गरिनेछ ।
- नगर क्षेत्रका ऐतिहासिक, धर्मिक, सांस्कृतिक महत्वका धरोहरहरूको मर्मत, संरक्षण र विकासमा जोड दिइनेछ ।
- अन्तराष्ट्रिय सम्बन्ध विस्तारका लागि स्वदेश र विदेशका नगरपालिकाहरू सग भगिनी सम्बन्ध स्थापना गर्न पहल गरिनेछ ।
- विश्व बैंक, एशियाली विकास बैंक, युनिसेफ, जाइका, कोइका, सेभ द चिल्ड्रेन आदी दातृ निकायहरूसग सहकार्य गर्न सम्पुरक कोषमा आवश्यक रकम विनियोजन गरिनेछ ।

अध्यक्ष महोदय र सभासद सदस्य ज्यूहरू

अब म चालु आ.व.२०७४□२०७५ संशोधित अनुमान र आगामी आ.व.२०७५□२०७६ प्रस्तावित बजेटको विवरण प्रस्तुत गर्दछु ।

कंचनपुर नगरपालिकाको चालु आर्थिक वर्ष २०७४।०७५ को आन्तरिक आय तर्फ ८१ लाख ६१ हजार ५ सय रूपैया अनुमान गरिएकोमा संशोधित आय रू. ५२ लाख १५ हजार छ सय ५३ रूपैया अनुमान गरिएको छ । साथै आन्तरिक आय को घर जग्गा रजिष्ट्रेशन दस्तुर वाडफांड मा रू. ५० लाख अनुमान गरिएकोमा रजिष्ट्रेशन वाडफांड वापत कुनै पनि रकम प्राप्त हुन सकेन । चालु आ.व.मा प्रस्तावित गरिएको अनुमानित आयमा सवारी साधन कर कृषि तथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर तर्फ राजस्व संकलन हुन नसकेको साथै सार्वजनिक पोखरीहरूको ठेक्का लाग्न वांकी भएकालेले आन्तरिक श्रोत तर्फको जेष्ठ मसान्त सम्म ६३ दशमलव ९० प्रतिशत मात्र आन्तरिक आय प्राप्त भएको छ । बाह्य स्रोत तर्फ कुल रू.४१ करोड १५ लाख १२ हजार र ५ सय ३७ रूपैया अनुमानित आय भएकोमा रू. ४३ करोड ९६ लाख ८७ हजार ५ सय ३७ रूपैया प्राप्त भई अनुमानित वाह्य स्रोत १०६ दशमलव ८५ प्रतिशत उपलब्धि हासिल भएको छ । यसरी आन्तरिक तथा वाह्य स्रोतमा भएको उत्तार चढावलाई ध्यानमा राखी सोही वमोजिमको वजेट तथा कार्यक्रम संशोधन प्रस्ताव पेश गरिएको छ ।

आगामी अर्थिक वर्ष २०७५।०७६ मा आन्तरिक आय तर्फ रू. १ करोड २ लाख १५ हजार मात्र र वाह्य श्रोत तर्फ रू. ४८ करोड ४१ लाख ४६ हजार सहित कुल वजेट रू. ४९ करोड ४३ लाख ६१ हजार प्राप्त हुने अनुमान गरिएको छ । आर्थिक वर्ष २०७४।०७५ को संशोधित वजेटको तुलनामा आगामी आर्थिक वर्ष २०७५।०७६ मा १० दशमलव १ प्रतिशतले प्रस्तावित वजेट वृद्धिको अनुमान गरेको छु ।

आगामी आर्थिक वर्ष २०७५।०७६ को लागि प्रस्ताव गरिएको आन्तरिक श्रोत तथा वाह्य स्रोतबाट प्राप्त आय अनुसारको व्यय अनुमान अनुसुचि (१) मा विस्तृत

रूपमा समावेश गरेको छु । आगामी आर्थिक वर्षको लागि विनियोजित विषयगत क्षेत्र अनुसारको संक्षिप्त रूपमा देहायमा प्रस्तुत गर्दछु ।

प्रशासनिक कार्यमा वडास्तरीय कार्यालय संचालनको लागि रू.२२ लाख ५० हजार र नगरपालिका तर्फ विषयगत शाखा समेत रू ७ करोड ७७ लाख ५० हजार गरी जम्मा रू. ८ करोड विनियोजन प्रस्ताव गरेको छु । जुन कुल बजेटको १६ दशमलव १८ प्रतिशत हुन आउछ ।

आर्थिक विकास तर्फ कृषि क्षेत्रको विकासको लागि ८५ लाख ४१ हजार, सहकारी क्षेत्रका लागि ३ लाख, पर्यटन क्षेत्रका लागि ५ लाख र उद्योग वाणिज्य लगायत विविध क्षेत्र गरी जम्मा रू. ३० लाख ४० हजार गरी जम्मा रू. १ करोड २३ लाख ८१ हजार विनियोजन प्रस्ताव पेश गरेको छु । जुन कुल वजेटको २ दशमलव ५० प्रतिशत हुन आउछ ।

सामाजिक विकास तर्फ लैंगिक समानता तथा सामाजिक समावेशीकरण क्षेत्रमा रू. १ करोड १४ लाख ४२ हजार, खानेपानी तथा सरसफाई का लागि रू. २७ लाख ७३ हजार, स्वास्थ्य क्षेत्रको शसर्त तलव समेत र प्रशासनिक खर्च समेत विकासका लागि रू. ४ करोड १८ लाख १८ हजार, शिक्षा क्षेत्रका लागि शिक्षकहरूको तलव भत्ता तथा प्रशासनिक खर्च समेत रू. १० करोड ९९ लाख ७५ हजार र विविध क्षेत्रका लागि २६ लाख ३५ हजार गरी जम्मा रू. १६ करोड ८६ लाख ४३ हजार विनियोजन प्रस्ताव गरिएको छ । जुन कुल वजेटको ३४ दशमलव ११ प्रतिशत हुन आउछ । त्यस्तै गरी सामाजिक सुरक्षा भत्ता तर्फ रू. ७ करोड ७० लाख विनियोजन प्रस्ताव पेश गरेको छु । जुन कुल वजेटको १५ दशमलव ५८ प्रतिशत हुन आउछ ।

पूर्वाधार विकास तर्फ सडक कालो पत्रे तथा मर्मत संभार का लागि रू. ११ करोड ६ लाख, भवन तथा सहरी विकास तर्फ १ करोड ६१ लाख, सिंचाई क्षेत्रका लागि ६ लाख उर्जा तथा विविध क्षेत्रको विकासका लागि १ करोड १८ लाख ८८ हजार गरी कुल जम्मा रू. १३ करोड ९१ लाख ८८ हजार वरावरको रकम विनियोजन प्रस्ताव पेश गरेको छु । जुन कुल वजेटको २८ दशमलव ३२ प्रतिशत हुन आउंछ ।

वातावरण तथा विपद् व्यवस्थापन तर्फ रू. ४० लाख विनियोजन प्रस्ताव पेश गरेको छु । जुन कुल वजेटको शून्य दशमलव ८१ प्रतिशत हुन आउछ ।

संस्थागत विकास तथा सेवा प्रवाह तर्फ रू. ३६ लाख ५० हजार विनियोजन प्रस्ताव पेश गरेको छु । जुन कुल वजेटको शून्य दशमलव ३४ प्रतिशत ले हुन आउछ । त्यस्तै गरी नगर विकास समिति वाट लिएको □णको सावा तथा व्याज भुक्तानीको लागि १९ लाख ९९ हजार विनियोजन गरेको छु । जुन कुल वजेटको शून्य दशमलव ४० प्रतिशत हुन आउछ । त्यस्तै गरी विकास कार्यमा साझेदारी गर्ने उद्देश्य राखी समपुरक कोषका लागि रू. ७५ लाख विनियोजन प्रस्ताव गरेको छु ।

समग्रमा नगरपालिका तर्फको आन्तरिक तथा वाह्य स्रोत गरी जम्मा रू. ४९ करोड ४३ लाख ६१ हजार वरावरको आय व्यय प्रस्ताव गरेको छु ।

अध्यक्ष महोदय,

चालु आ.व.२०७४।०७५ को संसोधित आय व्यय, बजेट तथा कार्यक्रम, आर्थिक वर्ष २०७५□०७६ को नीति, बजेट तथा कार्यक्रमको अभिन्न अंगको रूपमा रहेको आय व्ययको विवरण, राजश्व तथा अनुदान प्राप्तीको अनुमान, व्यय अनुमान, वित्तीय व्यवस्था अनुमान, कार्यक्षेत्रगत व्यय अनुमान, वार्षिक, विकास कार्यक्रम, सशर्त अनुदानको कार्यक्रम, आर्थिक विधेयक २०७५, विनियोजन विधेयक २०७५, वार्षिक कार्यक्रम कार्यान्वयन योजनालाई अनुसूची १ र प्रशासकीय कार्यविधि (नियमित गर्ने विधेयक) २०७५ यसै साथ समावेश गरी सभा समक्ष पेश गरेको छु ।

अध्यक्ष महोदय,

नगरसभा सदस्य ज्यूहरू

नगर विकास योजनालाई स्वीकृतीका लागी नगर सभामा पेश गर्ने क्रममा वस्ती, तह, वडा समिति, वडावासी, नगरमा क्रियाशिल, राजनैतिक पार्टीहरू, विषयगत क्षेत्रहरू, नागरिक समाज, टोल विकास संस्था, सरोकारवाला निकाय, व्यापारी, पत्रकार, कञ्चनरूप नगर कार्यपालिका परिवार, नगर कार्यपालिकाको कार्यालय कर्मचारी लगायत सम्बद्ध पक्षले पुऱ्याउनु भएको महत्वपूर्ण सहयोग र सहभागिता उल्लेखनिय रहेको हुदा सम्बद्ध सबै पक्षहरूलाई धन्यावद ज्ञापन गर्दछु ।

यसका साथै योजना तर्जुमा प्रक्रियामा जसरी यहाहरूको साथ सहयोग रहेको छ आगामी योजनाहरूको सफल कार्यान्वयनको लागि समेत सहयोगको अपेक्षा गर्दछु ।

अन्तमा कञ्चनरूप नगरपालिकाले यस सभासमक्ष प्रस्तुत गरेका नीति तथा कार्यक्रममा दफाबार छलफल गरी स्वीकृत गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु ।

धन्यवाद!

असार ३२ गते २०७५

श्री निरू पोखरेल
उप–प्रमुख
कञ्चनरूप नगरपालिका
कंचनपुर, सप्तरी

*****